मा. फकिरा महतो
मन्त्री
निजी सचिवालय

Hon. Phakira Mahato
Minister
Personal Secretariat

फोन नं. ९८५४०३५४०४

मधेश प्रदेश सरकार
Government of Madesh Province

गृह, सञ्चार तथा कानुन मन्त्रालय
Ministry of Home Affairs, Communication and Law
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

# शुभकामना

आज जेठ १४ गते इस्लाम धर्मावलम्बीहरूको महान पर्व ईद–उल–अजहा (बकर ईद) को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

ईद–उल–अजहा त्याग, बलिदान, आस्था र अल्लाहप्रतिको समर्पणको प्रतीक पर्व हो । हजरत इब्राहिम (अ.स.) को महान बलिदानको स्मरणमा मनाइने यस पर्वले मानवता, करुणा, सहिष्णुता तथा परोपकारको भावनालाई अझ सुदृढ बनाउन प्रेरणा प्रदान गर्दछ । यस पर्वले सम्पूर्ण समाजमा भाइचारा, सद्भाव मेलमिलाप र सामाजिक एकताको भावना अभिवृद्धि गरोस् भन्ने हार्दिक कामना गर्दछु ।

मधेश प्रदेश विविध धर्म, संस्कृति र समुदायबीचको सहअस्तित्व तथा सामाजिक सद्भावको उत्कृष्ट उदाहरणका रूपमा स्थापित रहँदै आएको छ । यस सांस्कृतिक विविधता र धार्मिक सहिष्णुताको सम्मान गर्दै प्रदेश सरकार सधैं सर्वधर्म समभाव, सामाजिक न्याय तथा समावेशी विकासप्रति प्रतिबद्ध रहेको व्यक्त गर्दछु ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयको तर्फबाट सम्पूर्णमा यस पावन अवसरको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२०८२।२।१४

फकिरा महतो
गृह, सञ्चार तथा कानुन मन्त्री